नि.प्र.का. सप्तरी द.नं. १२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २९२ २०८१ साल असार १४ गते शुक्रबार (28 June 2024 Friday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : ढल्केबर-इनरुवा प्रसारण.. ३ पृष्ठमा : एसइई नतिजा : ४७.८६ प्रतिशत ... ३ पृष्ठमाभारतको धार्मिक स्वतन्त्रताको अव..

## जिल्लाका सडकहरुको निर्माण कार्य छिट्टै सम्पन्न नगरिए पालिका प्रमुखहरु नै सडकमा उत्रने



**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

जिल्लास्थित बिभिन्न सडकहरुको निर्माण कार्य अधुरो रहेको भन्दै अविलम्ब निर्माण कार्य सम्पन्न गराउन बारे सप्तरीका तीन पालिका अध्यक्ष तथा प्रमुखहरुले बिहीबार सामुहिक रुपमा प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराएका छन् ।

राजबिराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परबिन, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादव र तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलले सामुहिक रुपमा प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीलाई ध्यानाकर्षण गराउँदै चाडो भन्दा चाडो सडक निर्माण कार्य सम्पन्न गराउन ठेकेदार कम्पनीलाई पहल गरिदिन आग्रह गरेका हुन् ।

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले सडक निर्माणका लागि ठेक्का पाएका कम्पनीको लापरवाहीले गर्दा कुनै बेला पनि राजबिराज-रुपनी सडक खण्डमा दुर्घट्ना हुन सक्ने बताउँदै त्यस्ता कम्पनीलाई अविलम्ब सडक निर्माण कार्य सम्पन्न गराउन प्रजिअसमक्ष आग्रह गरे । उनले हाल सो सडक खण्डमा ठूल्ठूला खाल्डाखुल्डी र बर्षाको पानी जमेकाले यातायातका साधनहरु कुनै बेला पनि दुर्घटना पर्न सक्ने सम्भावना रहेको भन्दै ती निर्माण कम्पनीलाई चाडो भन्दा चाडो कार्य सम्पन्न गराउन ध्यानाकर्षण गराए ।

उनले बिगतमा पनि पालिका प्रमुखहरुले जिल्लाको सडकहरुको अवस्था बारे तत्कालिन प्रजिअको रोहबरमा सडक डिभिजन कार्यालय र सडक निर्माण कम्पनीका प्रतिनिधिहरुलाई राखेर कार्य सम्पन्न गराउने प्रतिबद्धता जनाएको स्मरण गराए । तर, हालसम्म पनि सडक डिभिजन र ठेकेदारहरुले कार्य सम्पन्न गर्न अटेर गरेको भन्दै आउँदो दिनमा आफूहरु नै उनीहरुको बिरोधमा उत्रनु पर्ने चेताबनी समेत दिए ।

यस्तै तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलले भारदह-राजबिराज सडक खण्ड अन्तरगत पर्ने मंसापुर र तोपामा सडकको अवस्था कहाली लाग्दो रहेको भन्दै त्यहाका स्थानीयहरुले सडक निर्माणका लागि पालिकालाई नै दबाब दिँदै आएको सुनाए । उनले सो सडक खण्ड निर्माण गर्ने ठेकेदार कम्पनीको लापरबाहीको जिम्मा पनि के गाउँपालिकाले नै लिने भन्दै प्रजिअसमक्ष गुनासो गरे । अध्यक्ष मण्डलले तोपामा दिनहुँजसो सबारीसाधानहरु दुर्घटनामा पर्ने गरेको तर, आफूहरु निरिह भएर हेर्ने मात्र गरेको लाचारी सुनाए ।

यस्तै राजबिराज नगपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परबिनले राजबिराजको बिभिन्न सडकहरु ठेकेदार कम्पनीकै कारण अलपत्र रहेको भन्दै ती कम्पनीहरु पालिकासँग कुनै प्रकारको समन्वय समेत नगर्ने गरेको बताइन् । उनले सडक निर्माण कार्य बीचमै अलपत्र परेकोले सबारीसधानहरु कुनै बेला पनि दुर्घटनामा पर्न सक्ने सम्भाबना पनि उत्तिकै रहेकोले सो कार्य अविलम्ब सम्पन्न गराउन प्रजिअसमक्ष आग्रह गरिन ।

तीनै जना पालिका प्रमुखहरुले निर्माणाधीन सडकहरुको छिटो भन्दा छिटो काम सम्पन्न गराउन सडक डिभिजन र सम्बन्धीत ठेकेदार कम्पनीलाई बोलाएर निर्देशन दिन प्रजिअ समक्ष आग्रह गरे । उनीहरुले आफूहरुको आग्रहलाई वेवास्ता गरे ठेकेदार कम्पनी बिरुद्ध सडकमा ओर्लिने चेताबनी समेत दिए ।

यता प्रजिअ मंग्रातीले पालिका प्रमुखहरुको आग्रहप्रति सकारात्मक रहेको भन्दै सडक डिभिजन कार्यालयका प्रमुख र ठेकेदार कम्पनीका प्रमुख वा प्रतिनिधिहरु छलफल गरेर सडक निर्माणका अधुरो कार्यलाई सक्दो छिटै सम्पन्न गराउने प्रतिबद्धता जनाए ।

## जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनको तयारी अन्तिम चरणमा

जनकपुरधाम, १३ असार (रासस) ।

मधेस प्रदेशको राजधानी जनकपुरधामबाट भारतको उत्तरप्रदेशस्थित अयोध्याका लागि रेल सेवा सञ्चालनको तयारी अन्तिम चरणमा रहेको छ ।

नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झाले सेवा सञ्चालनका लागि समय तालिका सार्वजनिक गरिएको र अब चाँडै कार्यान्वयनमा ल्याउने तयारी भएको बताउनुभयो ।

रेल सेवा प्रत्येक शनिबार दिनको १:३० बजे जनकपरधामबाट खुल्ने र ४ बजे बिहान अयोध्या पुग्ने तथा सोही रेल साँझ ५ बजे अयोध्याबाट फर्किएर अर्को बिहान ७:३० बजे जनकपुरधाम पुग्ने गरी तालिका सार्वजनिक गरिएको उहाँले जानकारी दिनुभयो । "जनकपुरधाम-अयोध्या रेल सञ्चालनका लागि समय तालिका सार्वजनिक गरेका छौं, अब सोहीअनुसार छिट्टै सेवा सुरु गर्ने तयारीमा छौं । उद्घाटनको समय तालिका मिलाउन लागिएको छ, समय मिल्नासाथ औपचारिक घोषणा गर्नेछौं ।"

यहाँ विसं २०७८ चैत २० गतेदेखि जयनगर-कुर्थासम्म र विगत एक वर्षदेखि महोत्तरीको भङ्गाहासम्म रेल सञ्चालन भइरहेको छ ।

**कार्यालयको लागि घर भाडा चाहियो !!**

यस कम्पनीको राजविराज उपशाखा कार्यालयको लागि राजविराजस्थित मेनरोडमा अनुमानित ३५० वर्ग फिट (**Carpet Area**) क्षेत्रफल भएको व्यापारिक भवन तथा तल्ला आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक घर धनीहरुले अनुमानित भाडा तथा घरको बिस्तृत विवरणसहित मिति २०८१/०३/२० गते भित्र कार्यालय समय भित्र तलको ठेगानामा सिलबन्दी बोलपत्र पेश गर्न हुन अनुरोध छ ।
बोल पत्र कम्पनीको बिराटनगर शाखा कार्यालय वा यस कम्पनीको Web site बाट प्राप्त गर्न सकिनेछ ।

**दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड**
महेन्द्र चौक, बिराटनगर
पोष्ट बक्स नं. ७५
फोन नं. ०२१५७२४२४, ०२१५१२४२४
Web site : www. orientalinsurance.com.np

## आमाको नामबाट नागरिकता सहजरुपमा दिलाउन माग

काठमाडौँ, १३ असार (रासस) ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदहरूले आमाको नामबाट नेपाली नागरिकता सहजरुपमा दिलाउन सरकारसँग माग गरेका छन् । आमाको नामबाट नागरिकता पाउन सहज नभएको गुनासो गर्दै उनीहरूले अशं र वंशमा नारीको अधिकार हुनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रियसभा बैठकको शून्य समयमा बोल्दै सांसद गङ्गाकुमारी बेल्बासेले आमाको नामबाट नेपाली नागरिकता पाउने व्यवस्था सहज हुनुपर्ने बताउनुभयो ।

सांसद तारामान सुनुवारले समाजिक सुरक्षालगायत अन्य सरकारी सेवा लिन राष्ट्रिय परिचयपत्रको व्यवस्थाका कारण नागरिकले झन्झट व्यहोर्नुपरेको बताउनुभयो ।

सांसद तुलसाकुमारी दाहालले जनकपुरस्थित जानकी बृद्धाश्रमलाई

*बाँकी अन्तिम पृष्ठमा*

**हावाहुरीबाट जोगिने उपायहरु**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बाढीबाट जोगिन तयारीमा जुटौं

दुई दिन अघि मात्र भएको वर्षाका कारण सप्तरीका सयौं घरहरु डुबानमा परे । यसको मूल कारणको विभिन्न खोला, नदीमा आएको बाढी । नदी खोलाको सतहमाथीबाट बगेको पानीले बाढीको रुप लिएपछि मानव बस्तीमा पसेको हो । विपद्ले जिल्लामा विगतका वर्षहरुमा निकै क्षति पुर्‍याएको तथ्याङ्कबाट पुष्टि हुन्छ । हामी जहिले पनि वर्षायाम सुरुवात भएपछि मात्र बाढीबाट हुन सक्ने क्षति बारेमा सोच्न बाध्य हुन्छौं । हरेक वर्ष बाढीबाट हुने क्षतिको तथ्याङ्क पनि हामीलाई थाहा छ । यति मात्र नभएर कुन कुन स्थानमा बाढी आउन सक्छ, जसबाट मानविय तथा भौतिक क्षति हुन सक्छ त्यो पनि सरोकारवाला निकायलाई थाहा छ ।

अविरल वर्षासँगै जिल्लाको खाँडो, महुँली, बलान, कोशी लगायतका नदीमा आउने बाढीका कारण विभिन्न आसपासका गाउँहरु जलमग्न र भौतिक क्षति हुने गर्दछ । जिल्लामा विपद् पूर्वतयारीको अभ्यासमा सुरक्षाकर्मी जुटेका थिए । दुई दिन अघि आएको बाढीमा कुनै मानविय क्षति भएन् । यसको अर्थ बाढीको पूर्वसूचना नै हो । यसर्थ बाढीबाट हुने धनजनको क्षति र यसको न्युनिकरणका लागि एउटा दिर्घकालिन योजना बनाएर अघि बढ्न सके पक्कै पनि सकारात्मक परिणाम दिन्छ ।

तसर्थ विपतको प्रकोपबाट जनतालाई जोगाउन र क्षति न्युनिकरणका लागि सम्बन्धीत निकायले अग्रसरता देखाएमा भविष्यमा यसबाट जुद्धन मद्दत पुग्ने विश्वास रहेको छ ।

# ढल्केबर-इनरुवा प्रसारण लाइन सञ्चालन

काठमाडौं, १३ असार (रासस) ।

विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइनअन्तर्गत ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएको छ ।

धनुषाको ढल्केबरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसनसम्मको एक सय ५४ किलोमिटर प्रसारण लाइन चार्ज गरी सञ्चालनमा ल्याइएको हो । ढल्केबर र इनरुवा चार सय केभी सबस्टेसनमा जोडेर प्रसारण लाइन चार्ज गरिएको छ ।

ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएसँगै देशभित्र पहिलोपल्ट चार सय केभीबाट विद्युत् प्रसारण सुरु भएको छ । यसअघि ढल्केबर-मुजफ्फरपुर (भारत) अन्तरदेशीय प्रसारण लाइनबाट चार सय केभीमा विद्युत् आयात-निर्यात हुँदै आएको थियो । अब देशभित्रै चार सय केभी प्रसारण लाइनबाट विद्युत् प्रवाह सुरु गरिएको हो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ढल्केबर-इनरुवा खण्ड सञ्चालनमा आएसँगै कोशी प्रदेशका तराईका जिल्लामा विद्युत् आपूर्तिको भोल्टेज सुधार गर्न, समग्रमा देशको प्रसारण प्रणालीलाई गुणस्तर तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापारको परिमाण वृद्धि गर्न महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो । प्रसारण लाइनले करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्दछ ।

प्रसारण पूर्वाधार तयार नभएकाले हाल सञ्चालमा रहेको ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यात परिमाण अब बढाउन सकिने कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो । अहिले दुई देशबीच विद्युत् आयात निर्यात परिमाण आठ सय मेगावाट मात्र छ । उहाँले कोशी करिडोर हुँदै इनरुवा सबस्टेसनमा आएको विद्युत्लाई त्यस क्षेत्रमा खपत गरी अतिरिक्त भएमा ढल्केबर-इनरुवा प्रसारण लाइनमार्फत ढल्केबर ल्याएर भारततर्फ निर्यात गर्न सकिने बताउनुभयो ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ स्थित थानाभन्ज्याङस्थित हेटौंडा सबस्टेसनबाट इनरुवा सबस्टेसनसम्म दुई सय ८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो । प्रसारण लाइनलाई हेटौंडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटर दुई खण्डमा विभाजन गरिएको छ । हेटौंडा-ढल्केबर खण्ड निर्माणाधीन छ ।

# विपद् प्रतिकार्यमा खटिन रेडक्रसकर्मीलाई अनुरोध

काठमाडौं, १३ असार (रासस) ।

नेपाल रेडक्रस सोसाइटीले देशभर भइरहेको बाढी पहिरोलगायतका विपद्मा सरकारका निकायसँग सहकार्य गर्दै विपद् प्रतिकार्यमा खटिन सम्पूर्ण रेडक्रसकर्मीलाई अनुरोध गरेको छ ।

यस वर्ष विगतका वर्षभन्दा वर्षाको सम्भावना उच्च भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । रेडक्रसले देशैभरका आपत्कालीन कार्य सञ्चालन केन्द्र सक्रिय बनाई समुदायमा विपद्का कारण आइपर्न सक्ने विषम परिस्थितिको आँकलन गरी पूर्वतयारीसहित प्रतिकार्यका लागि तयार रहन आग्रह गरेको हो ।

रेडक्रसका अध्यक्ष प्रा सुदर्शनप्रसाद नेपालले बुधबार विज्ञप्ति जारी गरी प्रभावित जिल्लामा उद्धार तथा सहायताका सामग्री वितरणमा संलग्न हुनसमेत सोसाइटीका प्रदेश, जिल्ला र उपशाखा सबैमा अनुरोध गर्नुभएको छ । "प्रभावित समुदायलाई समयमै आवश्यक सहायता उपलब्ध गराउनेतर्फ रेडक्रस उद्धत रहेको सबैमा जानकारी गराउँदछौं । विपद् पूर्वतयारीसहित विपद्पश्चात् गरिने उद्धार एवं सहायता सामग्री वितरणमा हामी सबैको ध्यान जानुपर्ने र यस वर्ष मनसुन केही बढी क्रियाशील हुने मौसम पूर्वानुमान महाशाखाले जनाएअनुसार सबैलाई सजग रहन अनुरोध गर्दछौं", विज्ञप्तिमा उल्लेख छ ।

अध्यक्ष नेपालले विज्ञप्तिमार्फत नै समुदायमा सेवा गरी विपद् उत्थानशील समुदाय निर्माण गर्ने रेडक्रसजस्तो परोपकारी संस्थालाई सरकारका सम्बद्ध मन्त्रालय तथा विभाग, प्रदेश र स्थानीय सरकार तथा दातृ निकायलाई आवश्यक सहयोग गर्न अनुरोध गर्नुभएको छ ।

विसं २०२० साल भदौ १९ गते 'नेपाल रेडक्रस सोसाइटी' को स्थापना भएको हो । हाल रेडक्रसको सात प्रदेशमा प्रदेश कार्यालय, ७७ जिल्लामा जिल्ला शाखा, सबै स्थानीय तहमा गरी एक हजार छ सय १५ उपशाखा कार्यालय छन् । छ हजार नौ सय ३४ जुनियर तथा युवा सर्कलको साङ्गठनिक स्वरूपबाट समुदायमा सेवा प्रवाह गरिरहेको छ ।

# मनसुन सुरु भएपछि विपदबाट ३३ जिल्ला प्रभावित, हालसम्म २८ जनाको मृत्यु

काठमाडौं, १३ असार (रासस) ।

मनसुन भित्रिएपछि गत जेठ २८ देखि यही असार १२ गते)सम्ममा भएका विपदबाट ३३ जिल्ला प्रभावित भएका छन् ।

गृह मन्त्रालयका अनुसार ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, सिन्धुपाल्चोक, रसुवा, चितवन, लमजुङ, पर्वत, म्याग्दी, नवलपरासीपूर्व, गुल्मी दाङ, बाजुरा, कास्कीलगायत जिल्ला बढी प्रभावित भएका हुन् । मनसुन भित्रिएको जेठ २८ देखि असार १२ गतेसम्म कूल १४७ विपदका घटना भएको र ती घटनाहरूमा परेर २८ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

जसमा बाढीबाट एक, पहिरोबाट १४ र चटचाङबाट १३ जनाको मृत्यु भएको मन्त्रालयले सार्वजनिक गरेको छ ।

पहिरोबाट यो बीचमा १४ जनाको मृत्यु र १२ जना घाइते भएका छन् । पहिरोका कारण २५ घर पूर्ण क्षति भएको छ । १० वटा घर आंशिक क्षति भएको छ । पहिरोबाट मात्रै अनुमानित ६९ लाखभन्दा बढीको आर्थिक क्षति भएको गृहमन्त्री रवि लामिछानेको सचिवालयले जानकारी गराएको छ । यस्तै मनसुनका समयमा बाढीबाट एक जनाको मृत्यु र दुई जना घाइते भएका छन् ।

**चटचाङबाट क्षति**

सो अवधिमा चटचाङबाट ६८ वटा घटना भएको र ती घटनामा परी १३ जनाको मृत्यु भएको छ । चटचाङबाट २४ जना घाइते भएका छन् भने १७ लाख बढीको आर्थिक क्षति भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईका अनुसार पछिल्लो विपदजन्य घटना (असार ११ र १२ गते)को अवधिमामात्रै १८ जनाको मृत्यु भएको छ । जसमा नौजना चटचाङबाट र नौजना बाढीपहिरोमा परेर मृत्यु भएको उहाँले बताउनुभयो ।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

# एसइई नतिजा : ४७.८६ प्रतिशत विद्यार्थी उत्तीर्ण, गणितमा बढी अनुत्तीर्ण

भक्तपुर, १३ असार (रासस) ।
राष्ट्रिय परीक्षा बोर्डले बिहीबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८० को नतिजामा ४७ दशमलव ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजित पत्रकार सम्मेलनमा बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले नतिजा सार्वजनिक गर्दै चार लाख ६४ हजार सात सय ८५ परीक्षार्थीले परीक्षा दिएको जानकारी दिँदै उतीर्ण भएकामध्ये एक सय ८६ जनाले ४ जीपीए ल्याएको बताउनुभयो । परीक्षामा सहभागी भएकामध्ये ५२ दशमलव १४ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण भएका छन् । एक लाख १४ हजार ४८ छात्र र एक लाख २८ हजार दुई सय ५७ छात्रासहित कुल दुई लाख ४२ हजार तीन सय १३ परीक्षार्थीको 'एनजी' अर्थात् 'ननग्रडेड' आएको छ ।

बोर्डका अध्यक्ष प्रा डा शर्माले एउटा विषयमा एनजी आउने ६७ हजार सात सय ९३ र दुई विषयमा एनजी आउने ४८ हजार ३८ विद्यार्थी रहेका छन् । दुई सय २१ जनाको परीक्षा रद्द भएको उहाँले जानकारी दिनुभयो । यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गरिएको हो । सैद्धान्तिक ७५ पूर्णाङ्क विषयमा कम्तीमा २७ अङ्क र आन्तरिक मूल्याङ्कन २५ पूर्णाङ्कमा कम्तीमा १० अङ्क प्राप्त गर्नुपर्ने हुन्छ । एक सय पूर्णाङ्कमा कम्तीमा ३७ अङ्क ल्याउनुपर्ने अन्यथा त्योभन्दा कम अङ्क आएमा 'एनजी' ननग्रेडड आउँछ ।

**सबभन्दा बढी गणितमा अनुत्तीर्ण**

यस वर्षको एसइईमा सबैभन्दा बढी विद्यार्थीको गणितमा एनजी आएको छ । गणित विषयमा एक लाख ७७ हजार नौ सय ८५ विद्यार्थीको एनजी आएको छ । यस्तै विज्ञानमा एक लाख २६ हजार नौ सय ३३ तथा अङ्ग्रेजीमा एक लाख एक हजार तीन सय ८३ विद्यार्थीको एनजी आएको बोर्डका अध्यक्ष प्रा डा शर्माले बताउनुभयो ।

सामाजिकमा ७३ हजार आठ सय ७७, नेपालीमा ६९ हजार पाँच सय ३२, अर्थशास्त्रमा ६९ हजार चार सय १६ तथा ऐच्छिक गणितमा २० हजार तीन सय ५२ विद्यार्थीको एनजी आएको छ । दुई विषयसम्म एनजी आउने विद्यार्थीको हकमा पुरक परीक्षा आगामी साउन १८ र १९ गतेलाई तोकिएको छ ।

साउनमा परीक्षा गरेर भदौमा नतिजा सार्वजनिक गर्ने र यसैवर्ष उनीहरूले कक्षा ११ मा भर्ना हुन पाउने गरी व्यवस्था गरिएको छ । पुरक परीक्षामा पनि उत्तीर्ण हुन नसक्ने विद्यार्थीको हकमा र दुईभन्दा बढी विषयमा एनजी आएका विद्यार्थीले आउँदो नियमित परीक्षामा एनजी आएको विषयको मात्रै परीक्षा दिन पाउने व्यवस्था गरिएको छ ।

यस वर्षको एसइई नतिजामा गत वर्षभन्दा सुधार भएको अध्यक्ष प्रा डा शर्मा बताउनुहुन्छ । उहाँका अनुसार माथिल्लो जिपिए ल्याउनेको सङ्ख्या बढेसँगै नतिजा सुधार भएको हो । बोर्डले सार्वजनिक गरेको नतिजा अनुसार यसवर्ष सबैभन्दा बढी अर्थात् ७८ हजार आठ सय ७४ विद्यार्थीले २ दशमलव ८० देखि ३ दशमलव २० जिपिए प्राप्त गरेका छन् । सबैभन्दा कम ६ विद्यार्थीले १ दशमलव ६० देखि २ दशमलव ० जिपिए ल्याएका छन् ।

त्यस्तै एक सय ८६ विद्यार्थीले ४ जिपिए, ३१ हजार २०९ जनाले ३ दशमलव ६० देखि ४ दशमलव ० जिपिए, ६८ हजार दुई सय ५६ जनाले ३ दशमलव २० देखि ३ दशमलव ६० जिपिए र ७८ हजार आठ सय ७४ जनाले २ दशमलव ८० देखि ३ दशमलव २० जिपिए, ४१ हजार एक सय ७७ जनाले २ दशमलव ४० देखि २ दशमलव ८० जिपिए र दुई हजार ९५० जनाले २ दशमलव ०० देखि २ दशमलव ४० जिपिए ल्याएका छन् ।

**यस्तो छ प्रदेशको नतिजा**

बिहीबार सार्वजनिक भएको नतिजा अनुसार यसवर्षको एसइई परीक्षामा सबैभन्दा बढी बागमती प्रदेशबाट ९९ हजार आठ सय ७२ विद्यार्थी सहभागी भएकामा ३३ हजार आठ सय ४३ जनाले ननग्रेड (एनजी) पाएका छन् ।

त्यस्तै, लुम्बिनी प्रदेशबाट ८० हजार तीन सय २७ विद्यार्थी सहभागी भएकामा ४९ हजार दुई सय २४ जनाको ननग्रेड (एनजी) आएको छ । मधेश प्रदेशमा ७९ हजार पाँच सय ९२ विद्यार्थी सहभागी भएकामा ४२ हजार दुई सय ८६ जनाले ननग्रेड (एनजी) तथा कोशी प्रदेशमा ७५ हजार नौ सय ८८ जना सहभागी भएकामा ३९ हजार आठ सय ९५ जनाको ननग्रेड (एनजी) आएको छ ।

गण्डकी प्रदेशमा ४० हजार पाँच सय २६ विद्यार्थी सहभागी भएकामा २० हजार दुई सय ७५ जनाको ननग्रेड (एनजी) आएको छ भने कर्णाली प्रदेशबाट परीक्षामा ३५ हजार ३४ जना सहभागी भएकामा २० हजार तीन सय ८० जनाको ननग्रेड आएको छ । सुदूरपश्चिम प्रदेशमा भने ५३ हजार चार सय ४६ विद्यार्थी सहभागी भएकामा ३६ हजार चार सय १० जनाको ननग्रेड आएको छ । उनीहरूले पुरक परीक्षामा सहभागी हुनुपर्ने छ ।

प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुनः परीक्षणसमेत गराउन सक्ने व्यवस्था छ । पुनर्योगका लागि परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि कार्यालयको वेबसाइटमा गई पुनर्योग फाराम भरी आवेदन दिने व्यवस्था रहेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो ।


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**सुरुङ्गा नगरपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्दि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


## विश्व समाचार

### भारतको धार्मिक स्वतन्त्रताको अवस्थाप्रति अमेरिकी आयोगद्वारा चासो व्यक्त

वासिङ्टन डीसी, १३ असार (रासस/एएनआई) ।
भारतले विगतमा कडा आलोचना गरेको संस्था अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता सम्बन्धी अमेरिकी आयोग (युएससीआईआरएफ) ले घृणापूर्ण भाषण, विध्वंस र धर्मान्तरण विरोधी कानुनमा भएको कथित वृद्धिलाई उद्धृत गर्दै भारतको धार्मिक स्वतन्त्रताप्रति चासो व्यक्त गरेको छ । आयोगले विश्वभरका धार्मिक स्वतन्त्रताको वार्षिक सर्वेक्षण प्रतिवेदन तयार गर्दछ र लगभग २०० देश र क्षेत्रहरूमा तथ्य-आधारित धार्मिक स्वतन्त्रताको अवस्थाबारे जानकारी प्रदान गर्ने लक्ष्य राख्छ । प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो तेस्रो कार्यकाल सुरु गरेको केही हप्तापछि आयोगले यो निष्कर्ष सार्वजनिक गरेको हो ।

"भारतमा हामीले धर्मान्तरण विरोधी कानुन, घृणापूर्ण भाषण, अल्पसङ्ख्यक धार्मिक समुदायका सदस्यहरूका लागि चिन्ताजनक अवस्था देख्यौं", अमेरिकी विदेशमन्त्री एन्थोनी ब्लिन्केनले सोमबार वासिङ्टनमा एक कार्यक्रममा पत्रकारहरूलाई भन्नुभयो । अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रताका लागि अमेरिकी राजदूत रसद हुसेनले पनि भारतको अवस्थाबारे चिन्ता व्यक्त गर्नुभएको छ । "भारतमा इसाई समुदायहरूले स्थानीय प्रहरीले धर्मान्तरण गतिविधिको आरोपमा पूजाआजा अवरुद्ध गर्ने समुदायलाई सहयोग गरेको र आक्रमण गर्दा धर्मान्तरणको आरोपमा पीडितहरूलाई पक्राउ गरेको बताएका छन्", राजदूत हुसेनले भन्नुभयो । यसअघि मे महिनामा, भारतले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई भेदभावपूर्ण राष्ट्रवादी नीतिहरूलाई बलियो बनाएको आरोप लगाएको भन्दै युएससीआईआरएफ को यस्तै प्रतिवेदनलाई अस्वीकार गरेको थियो ।

"युएससीआईआरएफ राजनीतिक एजेन्डा भएको पक्षपाती सङ्गठनका रूपमा चिनिन्छ । उनीहरूले वार्षिक प्रतिवेदनको भागको रूपमा भारतको भेषमा आफ्नो प्रचार प्रकाशित गर्न जारी राख्छन् ", भारतीय विदेश मन्त्रालयका आधिकारिक प्रवक्ता रणधीर जयस्वालले पत्रकार सम्मेलनमा भन्नुभयो । युएससीआईआरएफले सन् २०२३ मा मुस्लिम, इसाई, सिख, दलित, यहुदी र आदिवासीलाई असर गर्ने साम्प्रदायिक हिंसालाई सम्बोधन गर्न भारत सरकार चुकेको आरोप लगाएको थियो । प्रतिवेदनको विस्तृत खण्डमा कथित भारतमा धार्मिक अल्पसङ्ख्यक विरुद्ध लक्षित आक्रमण पनि उल्लेख गरिएको छ । प्रतिवेदनले भारतको धार्मिक स्वतन्त्रताको अवस्थामा धेरै चिन्ता व्यक्त गरेको छ। यसले धेरै राज्यहरूमा धार्मिक रूपान्तरण कानुनी रूपमा निषेधित गरिएको, धार्मिक अल्पसङ्ख्यकहरूलाई नियमित रूपमा आक्रमण गरिने र मुस्लिमहरूले प्रणालीगत भेदभावको सामना गर्नुपरेको आरोप लगाएको छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले संयुक्त राज्य अमेरिकामा पनि मुस्लिम र यहुदी दुवै विरुद्ध घृणा बढेको उल्लेख गर्नुभयो ।

### भारतमा विषाक्त मदिराबाट मर्नेको संख्या ६३ पुग्यो : प्रहरी

बेङ्गलोर (भारत), १३ असार (रासस/एएफपी) ।
गत हप्ता दक्षिणी भारतको एउटा सहर स्तब्ध पारेको अवैध मदिराको सेवनका कारण मर्नेको सङ्ख्या ६३ पुगेको प्रहरीले बिहीबार जनाएको छ । भारतमा ब्याकस्ट्रिट डिस्टिलरीमा बनेको सस्तो रक्सीबाट हरेक वर्ष सयौँ मानिसको मृत्यु हुन्छ, भने तमिलनाडु राज्यको यो घटना हालका वर्षहरूमा सबैभन्दा घातकमध्ये एक हो । तामिलनाडु राज्यको कल्लाकुरिची जिल्लामा मेथानोलले भरिएको स्थानीय स्थरमा बनेको मदिरा पिएकामध्ये केही व्यक्तिले आँखा निकै कमजोर भएको बताएका छन् । यस घटनामा मृत्यु हुने व्यक्तिको पुष्टि गर्दै जिल्ला प्रहरी प्रमुख रजत चतुर्वेदीले घातक मदिरा पिएका १०० भन्दा बढी व्यक्तिलाई सुरुमा अस्पताल लगिएको जनाकारी दिनुभयो ।

तमिलनाडुका राजनीतिक दलसँग सम्बद्ध सांसदहरूले मदिराका कारण धेरै व्यक्तिको मदिरा सेवन गरेका कारण मृत्यु भएको भन्दै बुधबार मुख्यमन्त्रीको राजिनामा माग गर्दै विरोध प्रदर्शन गरेपछि राज्यसभा (विधायिका) बाट निष्कासित भएका छन् । कल्लाकुरिची जिल्लाका गरिब मजदुरहरूले नियमित रूपमा प्लास्टिकको थोलामा ६० रुपैयाँ लागतको रक्सी किनी काम गर्नु अघि पिउँथे । उनीहरूले पिउने स्थानीय उत्पादनको यो ब्याच विनाशकारी साबित भएको छ । तमिलनाडु सुख्खा राज्य नभएता पनि कालो बजारमा कारोबार हुने रक्सी कानुनी रूपमा बेचिने रक्सीभन्दा कम मूल्यमा आउँछ । भारतका अन्य धेरै भागहरूमा रक्सी बेच्न र सेवन गर्न निषेध गरिएको छ, जसले शक्तिशाली र कहिलेकाहीँ घातक मुनशाइनको लागि फस्टाउने कालो बजारलाई थप चलाउँछ । यसको शक्ति बढाउन, रक्सीमा प्रायः मेथनोल मिसाइन्छ, जसले अन्धोपन, कलेजोको क्षति र मृत्यु निम्त्याउन सक्छ । गत वर्ष पूर्वी भारतीय राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने सन् २०२२ मा गुजरातमा कम्तीमा ४२ जनाको मृत्यु भएको थियो ।

### 'कालो जादू' गरेको आरोपमा माल्दिभ्सका जलवायुमन्त्री पक्राउ

माले (माल्दिभ्स), १३ असार (रासस/एएफपी) ।
माल्दिभ्सको राष्ट्रपतिलाई 'कालो जादू' गरेको आरोपमा राज्यको वातावरणमन्त्रीलाई बिहीबार प्रहरीले पक्राउ गरेको अधिकारीले बताएका छन् । वातावरण, जलवायु परिवर्तन तथा ऊर्जा राज्यमन्त्री फतिमथ शामनाज अली सलिमलाई आइतबार अन्य दुईजनासहित राजधानी मालेमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । "उहाँलाई अनुसन्धानका लागि एक हप्ता हिरासतमा राख्न अनुमति दिइएको छ," नाम उल्लेख नगर्ने शर्तमा ती अधिकारीले बताए । "राष्ट्रपति डा मोहम्मद मुइजुमाथि कालो जादू गरेको आरोपमा शामनाजलाई पक्राउ गरिएको खबर आएको छ," स्थानीय अनलाइन आउटलेट (सन्चार माध्यम) द सनले जानकारी गराएको छ । मुस्लिम बहुल माल्दिभ्सको फौजदारी संहिता अन्तर्गत जादूटुना अपराध उल्लेख नभएपनि इस्लामिक कानुनअनुसार यो कार्यका लागि छ महिनासम्मको जेल सजाय हुनेछ ।

# सामी परियोजनाको वार्षिक समिक्षा गोष्ठी सम्पन्न



**दैनिक समाचारदाता**
**राजबिराज, १३ असार ।**

सुरक्षित आप्रवासी (सामी) कार्यक्रम अन्तरगत जिल्ला स्तरिय वार्षिक समिक्षा गोष्ठी बिहीबार राजबिराजमा सम्पन्न भएको छ ।

आयोजित समिक्षा गोष्ठीमा सामी परियोजनाका कार्यक्रम अधिकृत रामप्रमेश मण्डलले सप्तरी जिल्लाको बैदेशिक रोजगारीको अवस्थाबारे प्रस्तुतीकरण गरेका थिए ।

उनले नेपाल भरीबाटै सबैभन्दा बढी बैदेशिक रोजगारमा मधेश प्रदेशबाट युवाहरु जाने गरेको बताए । त्यसमा पनि सबै भन्दा बढी धनुषा तथा सप्तरी पाचौं स्थानमा हरेको उल्लेख गरे । सप्तरीबाट चालु आ.ब. को पुस मसान्तसम्मा १३ हजार ९ सय ७१ जना बैदेशिक रोजगारीमा गएको जानकारी दिए ।

प्रस्तुतीकरणकै क्रममा अधिकृत मण्डलले सप्तरी जिल्लाको राजबिराज नगरपालिका, शम्भुनाथ नगरपालिका, कंचनरुप नगरपालिका र राजगढ गाउँपालिकामा सामी परियोजना संचालनमा रहेको जानकारी दिँदै आगामी आ.ब. २०८१/८२ बाट जिल्लाको रुपनी गाउँपालिका, महादेवा गाउँपालिका र बोदेबरसाइन नगरपालिकामा समेत सो परियोजना संचालन हुने बताए ।

परियोजनाले बैदेशिक रोजगारमा जानेहरुलाई सीप सिकेर मात्र जान परामर्श दिनुका साथै, बैदेशिक रोजगारमा गएका परिवारहरुलाई मनोबैज्ञानिक परामर्श तथा बित्तिय साक्षरता र ठगिमा परेकाहरुका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै आएको छ ।

राजबिराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परबिनको अध्यक्षतामा आयोजित गोष्ठीमा रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव, शम्भुनाथ नगरपालिकाकी कार्यबाहक नगरप्रमुख अनिता चौधरी, सप्तकोशी नगरपालिकाका नगरप्रमुख कृष्ण ढकाल, कंचनरुप नगरपालिकाका नगरप्रमुख ललनप्रसाद गुप्ता, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डल, बिभिन्न पालिकाका प्रमुखप्रशासकीय अधिकृतका साथै सामी परियोजनाका सप्तरी संयोजक राजेन्द्र यादव, राजबिराज नगरपालिकाका रोजगार संयोजक ज्योतिष कुमार यादव लगायतको सहभागिता रहेको थियो ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : सप्तकोशी नगरपालिका, सप्तरी**


# वीरगञ्जमा भेटिए कालाजार र डेङ्गीका बिरामी

वीरगञ्ज (पर्सा), १३ असार (रासस) ।

वीरगञ्ज महानगर क्षेत्रमा एकजना कालाजार र सातजना डेङ्गीका बिरामी भेटिएका छन् ।

स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साहले वीरगञ्ज महानगर-९ रानीघाटमा बसोबास गर्दै आउनुभएकी एकजना महिलामा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु काठमाडौँमा परीक्षणका क्रममा कालाजारको लक्षण देखिएको बताउनुभयो ।

“कालाजार देखिएको बिरामीको टेकुमा उपचार भइसकेको छ”, उहाँले भन्नुभयो, “कालागारको लक्षण देखिएको महिला वीरगञ्जमा बसोबास गरेकाले पनि सो क्षेत्रमा कालाजारको बिरामी हुनसक्ने भन्दै स्वास्थ्य स्वयंसेबिकालाई सचेत गराउन अनुरोध गरेका छौँ ।” उहाँले लामो समयसम्म ज्वरो आइरहेका शङ्कास्पद बिरामीलाई परीक्षणका लागि अनुरोधसमेत गर्नुभयो ।

यसैगरी पर्सामा पछिल्लो तीन महिनामा यहाँका नौजनामा डेङ्गी भेटिएको बताउनुभयो । पछिल्लो तीन महिनामा सात जना डेङ्गीका बिरामी महानगरभित्रै र अन्य दुई बिरामी ठोरी गाउँपालिका र बिन्ध्वासिनी गाउँपालिकामा भेटिएका हुन् ।

डेङ्गी ज्वरो लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । डेङ्गीको बिषाणुद्वारा सङ्क्रमित भएको पोथी लामखुट्टेले यो रोग सार्दछ । रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रमाभन्दा सहरी क्षेत्रमा बढी पाइने गरेको साहले बताउनुभयो। कालाजार भुसुनाको टोकाइबाट सर्ने सरुवा रोग हो । भुसुनाले रोगी मानिसलाई टोकेर स्वास्थ्य मानिसलाई टोक्दा यो रोग सर्छ । यो रोग झापादेखि बारासम्म १२ जिल्लामा पाइए पनि अन्य तराईका जिल्लामा फाट्टफुट्टरुपमा देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले जनाएको छ ।

## आमाको नामबाट ...

सरकारले सहयोग नगर्दा स्वास्थ्योपचार गर्न बृद्धबृद्धालाई असहज भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद भगवती न्यौपाने काठमाडौँमा ट्राफिक बत्ती जडान भए पनि राम्रोसँग काम नगरेको भन्दै सो ब्यवस्थापनमा सरकारको ध्यान जानुपर्ने बताउनुभयो ।

सांसद मायाप्रसाद शर्माले बाढी, पहिरोबाट घाइते भएकाको समयमै उद्धार गर्नुपर्ने तथा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न आवश्यक कदम चाल्न सरकारसँग माग गर्नुभयो ।

सांसद शारदादेवी भट्ट र सुमित्रा बिसीले वर्षायामको सुरुसँगै जनधनको क्षति भएको भन्दै पूर्वतयारी गर्नुपर्नेमा जोड दिनुभयो ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सखडा, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजगढ गाउँपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*